चाडपर्व हाम्रा सांस्कृतिक पहिचान।
मद्यपान र जुवातास विकृतिका मुहान॥

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० कात्तिक १२ गते आइतवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2023 October 29 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ६६


## नेपाल–भारत सीमा सुरक्षा बैठक

प्रस, परवानीपुर, ११ कात्तिक/

वीरगंज–रक्सौल आसपासको नेपाल–भारत सुरक्षा बैठक वीरगंजमा सम्पन्न भएको छ।



तस्वीरः प्रतीक

नेपालका पर्सा र बारा तथा भारत, बिहारका पूर्वी चम्पारण र पश्चिमी चम्पारणका सुरक्षा अधिकारीलगायत विभिन्न सरोकारवाला निकायको सुरक्षा बैठक शनिवार वीरगंज–१७ अलौंस्थित वीरगंज भन्सारको आइसिपी भन्सारको सभाहलमा सम्पन्न भएको हो।

पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीको अध्यक्षतामा सम्पन्न सुरक्षा बैठकमा सीमा क्षेत्रलाई सुरक्षित र व्यवस्थित बनाउन छलफल भएको थियो। सुरक्षा बैठकले छ बुँदे निर्णय गर्दै सुरक्षा व्यवस्था प्रभावकारी बनाउने निर्णय गरेको हो।

बैठकले अवैध निकासी, पैठारीलाई नियन्त्रण गर्ने, लागूऔषध ओसारपोसारलाई न्यूनीकरण गर्ने, चेलीबेटी बेचबिखन, अवैध हतियारको ओसारपोसारलाई न्यूनीकरण गर्ने, आपराधिक घटना हुन नदिने, सीमा क्षेत्रबाट हुने अवैध वन्यजन्तुको चोरी शिकारी एवं तस्करीलाई समेत नियन्त्रणमा लिने निर्णय गरेको प्रजिअ रेग्मीले जानकारी गराए।

बैठकले भारतमा हुने आगामी लोकसभा चुनावलाई मध्यनजर गर्दै सीमा क्षेत्रको सुरक्षा प्रबन्धलाई समेत चुस्तदुरुस्त बनाउने, नेपाल र भारतका सुरक्षा अधिकारीहरूबीच सहकार्यमार्फत प्रभावकारी सुरक्षा व्यवस्था बनाउन पहल गर्ने निर्णय भएको छ।

बैठकमा नेपालतर्फबाट पर्साका प्रजिअ रेग्मी र बिहारको पूर्वी चम्पारणका डिएम सौरभ जरुवालले नेतृत्व गरेका थिए भने बैठकमा बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटा, पश्चिमी चम्पारणका डिएम दिनेशकुमार रायको सहभागिता थियो।

त्यसैगरी, पर्साका प्रहरी उपरीक्षक कोमल शाह, पर्साका सशस्त्र प्रहरी उपरीक्षक किसन कर्माचार्य, बाराका प्रउ सुरेश काफ्ले, बाराका सप्रउ, राष्ट्रिय अनुसन्धान, वीरगंज भन्सार, श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालयका अधिकारी, डिभिजन वन कार्यालय पर्सा, पर्सा राष्ट्रिय निकुञ्जका अधिकारी, पश्चिमी चम्पारणका डिएम दिनेशकुमार राय, भारतीय प्रहरीका उच्च अधिकारी, एसएसबीका उच्च अधिकारी, रक्सौल कस्टमका अधिकारीलगायतको सहभागिता थियो।

सुरक्षा बैठकपछि वीरगंज उद्योग वाणिज्य सङ्घका पदाधिकारी र रक्सौल उद्योग वाणिज्य सङ्घबीच दुवै देशबीच उद्योग–व्यापारका क्षेत्रमा देखिएका समस्या समाधानका लागि अन्तर्क्रिया भएको थियो।

## सप्रजको बोतलले हिर्काइ टाउको फोड्नेहरू पक्राउ परेनन्

प्रस, परवानीपुर, ११ कात्तिक/

पर्साका एकजना सशस्त्र प्रहरी जवानलाई कुटपिट गरी हत्याको प्रयास गर्नेहरू हालसम्म पक्राउ पर्न सकेका छैनन्।

सशस्त्र प्रहरी बल १३ नं हेडक्वाटर पर्सामा कार्यरत सशस्त्र प्रहरी जवान नीरज विश्वकर्मालाई कुटपिट गरिएको घटनामा हालसम्म पर्सा प्रहरीले अभियुक्तहरूलाई पक्राउ गर्न सकेको छैन। घटना भएको सात दिन बितिसक्दा पनि हालसम्म कुटपिट गर्ने आरोपीहरूलाई पर्सा प्रहरी मातहतको प्रहरी युनिटले पक्राउ गर्न नसक्दा पर्साको सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न उठेको छ।

पर्सामा सशस्त्र प्रहरी जवानलाई कुटपिट गरिएको घटनाको अनुसन्धान प्रभावकारी नभएको बताइएको छ। प्रहरी असुरक्षित भएपछि सर्वसाधारणको सुरक्षाबारे चिन्ता व्यक्त गर्न थालिएको छ।

पर्सा, वीरगंज–३२ मिलनचोक बस्ने सप्रज विश्वकर्मा दशैं बिदा मनाउन मिलनचोकस्थित घर गएको र नवमीको राति जीतपुर हुँदै वीरगंज फर्किंदै गर्दा मनमिश्र निमावि टेढाभन्दा ५० मिटर पश्चिम भैंसी लोड गर्ने स्थानमा उनीमाथि स्थानीय युवकहरूले आक्रमण गरेका थिए। स्थानीय युवाहरूबीच विवाद भइरहेको देखेपछि विश्वकर्माले सम्झाइबुझाइ गर्न खोज्दा बियरका पाँचवटा बोतलले उनको टाउकोमा प्रहार गरी ज्यान लिने प्रयास गरिएको थियो।

सप्रज विश्वकर्माको टाउकोमा गम्भीर चोट लागेको छ भने उनको उपचार हाल वीरगंज, गण्डकस्थित वयोधा अस्पतालमा भइरहेको छ। उनलाई तत्काल उद्धार गरी अस्पताल नल्याइएको भए उनको ज्यानसमेत जान सक्ने अवस्था थियो। त्यति बेला पर्साका जनपद र सशस्त्रका प्रहरी उपरीक्षकद्वय कोमल शाह र किसन कर्माचार्यले समेत मिलनचोक क्षेत्रमा सर्च अभियान चलाइ कुटपिट गर्नेहरूको खोजतलाश गरेका थिए। तर हालसम्म कुटपिट गर्नेहरू पक्राउ पर्न सकेका छैनन्। यस घटनामा स्थानीय राजनीतिकर्मीहरूले स्थानीय प्रहरी युनिटसँग अभियुक्तहरूको उन्मुक्तिको लागि चलखेल गरिरहेका बुझिएको छ।

टेढाका बुलेट अन्सारीलगायत तीनजना युवकले सप्रज विश्वकर्मामाथि ज्यान मार्ने उद्योग गरेको सप्रज विश्वकर्माका आफन्तजनले आरोप लगाएका छन्।

यस विषयमा मिलनचोक प्रहरी चौकीका इन्चार्ज प्रहरी सहायक निरीक्षक मित्र राईसँग बुझ्दा कुटपिट गर्ने व्यक्तिहरूको पहिचान भइसकेको र खोजी कार्य भइरहेको बताए। यसै घटनाको प्रहरी चौकी परवानीपुरले पनि छानबीन गरिरहेको छ।

## सीमा क्षेत्रबाट बालिकाको उद्धार

प्रस, वीरगंज, ११ कात्तिक/

मानव तस्करी रोधी एकाइ क्षेत्रीय मुख्यालयको शाखा कार्यालय ४७औं बटालियन एसएसबी र इन्स्पेक्टर मनोजकुमार शर्माको नेतृत्वमा खटेको टोलीले एकजना बालिकाको उद्धार गरेको छ।



तस्वीरः प्रतीक

ललाइफकाइ भारततिर लैजाने क्रममा रक्सौल हाजमाटोलाबाट मानव तस्कर मोहम्मद इरफानलाई नियन्त्रणमा लिएको रक्सौल प्रहरीले जनाएको छ।

पक्राउ परेका इरफानले आफूलाई विवेक चौधरी बताइ आफूलाई करणी गरेको बालिकाले जनाएकी छन्।

इरफान विवाहित रहेको र उनका चारजना सन्तान रहेको प्रहरीले जनाएको छ।

पक्राउ परेका इरफानलाई स्थानीय प्रहरीको जिम्मा लगाएको र बालिकालाई प्रयास जुवेनाइल एड सेन्टर रक्सौलमा राखिएको प्रयास संस्थाकी आरती कुमारीले बताइन्।

## चोरलाई लखेट्ने क्रममा प्रहरीको मृत्यु

प्रस, वीरगंज, ११ कात्तिक/

शनिवार बिहान ८ बजे निजगढबाट मोटरसाइकल चोरी गरी भाग्ने क्रममा चोरलाई लखेट्दै आएका प्रहरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ।

मृत्यु हुनेमा कञ्चनपुर, भीमदत्त नगरपालिका–११ घर भई इलाका प्रहरी कार्यालय, निजगढमा कार्यरत प्रहरी जवान आकाश सुनुवार हुन्। उनी मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएको बारा प्रहरीले जनाएको छ। चोरले मोटरसाइकल चोरी गरी भागिरहेको अवस्थामा बाराका प्रहरीले चौतर्फी घेराबन्दी गर्ने क्रममा मृतक सुनुवारले चलाएको ज.१२प ७१५४ नम्बरको मोटरसाइकल सिमरामा रहेको ग्रीनलाइट होटलनजीक आफैं दुर्घटना हुँदा उनको मृत्यु भएको प्रहरीले जनाएको छ। प्रहरी स्रोत अनुसार चोरले निजगढबाट मोटरसाइकल चोरी गरी काठघाट गइरहेको सूचना प्राप्त भएपछि बारा प्रहरीले चौतर्फी घेरा हालेको थियो र सोही क्रममा उनको दुर्घटनामा मृत्यु भएको प्रहरीले जनाएको छ।

चोर र मोटरसाइकल अहिलेसम्म फेला परेको छैन।

## लागूऔषधसहित एकजना पक्राउ

प्रस, वीरगंज, ११ कात्तिक/

पर्सा प्रहरीले लागूऔषधसहित एकजनालाई पक्राउ गरेको छ।

वीरगंजबाट हेटौंडा जाँदै गरेको ग.१ख ९६२६ नम्बरको यात्रुवाहक बस चेकजाँच गर्ने क्रममा सिटमुनि लुकाइछिपाइ लाने क्रममा प्रहरीले पोखरा मनपा–६ निवासी ४० वर्षीय रवीन्द्र केसीलाई पक्राउ गरेको हो।

बसबाट प्रहरीले ३९८ थान फेनारगन, ३९८ थान डाइजेपाम र आइपिपिएल नुर्फिन गरी नौ सय थान बरामद गरेको पर्सा प्रहरीले जानकारी गराएको छ। पक्राउ परेका केसीमाथि लागूऔषध ओसारपोसार मुद्दामा अनुसन्धान भइरहेको छ।

## किसान नेता यादवको स्मृतिसभा

प्रस, सिम्रौनगढ, ११ कात्तिक/

बाराको सिम्रौनगढ नगरपालिका कचोर्वा नयाँबजारमा किसान नेता एवं जनकवि हरिहर यादवको १९औं स्मृतिसभा सम्पन्न भएको छ।



तस्वीरः प्रतीक

कार्यक्रममा नेकपा माओवादी केन्द्रका केन्द्रीय सचिव एवं मधेस प्रदेश इन्चार्ज लीलामणि पोखरेलले किसान नेता यादवले किसान आन्दोलनमार्फत जमीनदारहरूले किसानहरूलाई बोलाउँदा नामपछि 'रे' जोडेर होच्याउने गरेकामा 'जी' जोडेर बोलाउन बाध्य पारेको बताए। उनले नेता यादवले सामाजिक परिवर्तनको आन्दोलन, जातीय विभेदविरुद्ध आन्दोलन, सामाजिक रूपान्तरणको लागि आन्दोलन, धर्म, जाति र संस्कृतिको नाममा मानिसले मानिसमाथि गर्ने शोषणविरुद्धको आन्दोलन चलाएर किसानलाई जागरूक बनाएको बताए।

नेकपा माओवादी केन्द्रका स्थानीय नेता सुरेन्द्र यादवको अध्यक्षतामा भएको कार्यक्रममा प्रह्लाद बुढाथोकी, मधेस प्रदेशका पूर्वगृहमन्त्री भरत साह, भाषा आयोगका अध्यक्ष गोपाल ठाकुर, अनिल श्रेष्ठ, एमालेका महानारायण प्रसाद यादव, नेपाली काङ्ग्रेसका रामविलास यादव, रामएकबालप्रसाद यादव, जनमत पार्टीका सीताराम नेपालीलगायतको सहभागिता थियो।

कार्यक्रममा भाषा आयोगका अध्यक्ष गोपाल ठाकुरले जनकवि हरिहर यादवद्वारा रचित गीत र उनले यादवको स्मृतिमा रचना गरेका गीतहरू प्रस्तुत गरेका थिए।

सभामा गायक बच्चाप्रसाद यादवले जनकवि यादवको स्मृतिमा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए।

जनमत पार्टीका बारा जिल्ला अध्यक्ष रामबाबू सर्राफले स्वागत गरेको सभाको सञ्चालन नेकपा एमालेका रामेश्वर यादवले गरेका थिए।

नेकपा माओवादी केन्द्र कचोर्वाको आयोजना तथा नेकपा एमाले, नेपाली काङ्ग्रेस र जनमत पार्टीको सहयोगमा भएको कार्यक्रममा किसान नेता यादवको किसान आन्दोलनमा साथ दिएका तीनजनालाई दोसल्ला ओढाइ सम्मान गरिएको थियो।

## गापा अध्यक्षद्वारा पठनपाठन सुचारु गर्न आग्रह

प्रस, वीरगंज, ११ कात्तिक/

पर्साको विन्ध्यवासिनी गाउँपालिकाका अध्यक्ष प्रमोद तिवारीले गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूको पठनपाठन कात्तिक १२ गते आइतवारदेखि सुचारु गर्न आग्रह गरेका छन्।

अध्यक्ष तिवारीले शुक्रवार गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयका प्रधानाध्यापक, शिक्षक महासङ्घ प्रतिनिधि, शिक्षक सङ्घ, शिक्षक सङ्गठन, शिक्षक फोरमका प्रतिनिधिलाई बोलाएर विद्यालयको पठनपाठन पूर्वकार्यतालिका अनुसार नै सञ्चालन गर्न/गराउन अपील गरेका शिक्षक मुकलेश गद्दीले बताए।

अध्यक्ष तिवारीले शिक्षा प्रमुख र प्रधानाध्यापकहरूसँग भएको अभद्र व्यवहारको घटनाको छानबीन गरी दोषीलाई सजाय दिलाउने प्रतिबद्धता व्यक्त गरेको पनि उनले जानकारी दिए।

अध्यक्ष तिवारीको अध्यक्षतामा बसेको प्रधानाध्यापक र शिक्षक महासङ्घ तथा पेशागत सङ्घ–सङ्गठनका प्रतिनिधिहरूको संयुक्त बैठकले कात्तिक १२ बाट पूर्वकार्यतालिका अनुसार नै विद्यालय सञ्चालन गर्ने निर्णय गरेको छ। बैठकमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राकेश ओझा पनि सहभागी थिए।



तस्वीरः प्रतीक

गाउँपालिकाका शिक्षा शाखा प्रमुख कपिल लामिछाने र केही प्रधानाध्यापकहरूलाई असोज ३० गते वडाध्यक्षहरूले दुर्व्यवहार गरेका थिए। गाउँपालिकाको वडा नं १ का अध्यक्ष अच्छेलाल महतो र वडा नं ३ का अध्यक्ष जयप्रकाश चौरसियाले शिक्षा शाखा प्रमुख लामिछाने र प्रधानाध्यापकहरूलाई दुर्व्यवहार गरेको विरोधमा शिक्षक महासङ्घ विन्ध्यवासिनी गाउँपालिका र विभिन्न शिक्षक सङ्घ–सङ्गठनहरूले कारबाही नभएसम्मको लागि अनिश्चितकाल विद्यालय बन्दको घोषणा गरेका थिए।

गाउँपालिकामा कार्यरत कर्मचारीहरूले पनि संयुक्तरूपमा पर्साका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै वडाध्यक्षद्वयमाथि कारबाहीको माग गरेका थिए।

## विचारसार र सूक्तिहरू

**यदि परिस्थितिप्रति तपाईंको मजबूत पकड छ भने विष ओकल्नेले पनि केही गर्न सक्दैन ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# सबै क्रिया, कर्म मनद्वारा नै प्रेरित हुन्छ

आफ्नो जीवनलाई भौतिकरूपले सुखी, समृद्ध बनाउन वा मोक्ष, मुक्ति, निर्वाण, कैवल्य, समाधि, भगवत्प्राप्ति आदिको रूपमा जीवनको परम लक्ष्य पाउनु छ भने यी सबैमा हाम्रो मनको भूमिका अहम् हुने गर्छ । मन हाम्रो आत्मा आनन्दित हुन्छ । यसैले हामी राम्रो कर्मतर्फ, भगवत्प्रेम, दान, यज्ञ, सेवा, परोपकार आदिमा प्रवृत्त हुनुपर्छ तर मन हामीलाई यी कर्मबाट अलग्याएर नराम्रो कर्ममा प्रवृत्त गर्छ । तब हामी आफूलाई निकै असहाय, विवश र लाचार पाउँछौं ।

> **हाम्रो स्थूल शरीरमा स्थित हाम्रो सूक्ष्म मन निकै बलशाली र तागतिलो छ तर सत्य यो पनि हो कि यो बलशाली मन, तागतिलो मन, शक्तिशाली मन आफ्नो बल, शक्ति, ताकतको उपयोग र दुरुपयोग दुवै गर्न सक्छ ।**

शरीरमा स्थित त्यो सूक्ष्म वस्तु हो, जुन कुनै पनि विषयलाई लिएर सङ्कल्प, विकल्प गर्छ । हामीद्वारा सञ्चालित सबै क्रिया, कर्म मनद्वारा नै प्रेरित हुन्छ । हाम्रो चिन्तन, चरित्र र व्यवहार आदि पनि मनद्वारा नै प्रेरित–प्रभावित हुन्छ ।

अस्तु हाम्रो जीवनको गति पनि मनको गतिमा नै निर्भर हुन्छ । हाम्रो जीवनको दशा–दिशा मनको दशा–दिशाद्वारा निर्धारित हुन्छ । मनको स्वीकृति, सहमति पाएर नै हामी कुनै कर्ममा लिप्त हुन्छौं । मनको स्वीकृति पाएर नै हामी कुनै शुभ कर्म, अशुभ कर्म, पाप कर्म, पुण्य कर्म आदि गर्छौं र तदनुरूप ती कर्मको फल भोग्छौं ।

हाम्रो स्थूल शरीरमा स्थित हाम्रो सूक्ष्म मन निकै बलशाली र तागतिलो छ तर सत्य यो पनि हो कि यो बलशाली मन, तागतिलो मन, शक्तिशाली मन आफ्नो बल, शक्ति, ताकतको उपयोग र दुरुपयोग दुवै गर्न सक्छ । नियन्त्रित मन, निर्मल मन, आफ्नो शक्तिको सदुपयोग गरी व्यक्तिको जीवनमा सुख, समृद्धि, शान्ति र आनन्द ल्याउँछ भने अनियन्त्रित मन व्यक्तिको जीवनमा तबाही र सङ्कट ल्याउँछ ।

भन्नुको तात्पर्य यो हो कि दुर्जन मन, अनियन्त्रित मन हाम्रो लागि सङ्कट उत्पन्न गर्छ । त्यस्तै जसरी अनियन्त्रित भएपछि हात्तीमा सवार व्यक्तिको ज्यान खतरामा पर्ने गर्छ । हाम्रो जीवनको गाडीको चालक सिटमा हाम्रो मन नै बसेको छ । हाम्रो जीवनरूपी रथको चालक, सारथी हाम्रो मन नै हो । हाम्रो मनले चाहन्छ भने हामीलाई सही दिशामा लैजान सक्छ र गलत दिशामा पनि लैजान सक्छ ।

यो चालकको इच्छा हो कि उसले हामीलाई कता लैजान्छ । यसैप्रकार जबसम्म मनको इच्छा छ, तबसम्म हाम्रो लागि पाइला–पाइलामा खतरा नै खतरा छ, किनभने यदि हामी सत्यतर्फ, भगवानतर्फ जान चाहन्छौं भने यो त्यति बेला सम्भव हुन्छ, जब हाम्रो मन पनि सत्यतर्फ, भगवानतर्फ हिंड्न तयार हुन्छ । यदि मनको इच्छा छैन भने हामीलाई नराम्रोतर्फ लैजान्छ र नराम्रो कर्म, अशुभ कर्म आदिमा प्रवृत्त गर्छ ।

कैयौंपटक हामी नराम्रो काममा प्रवृत्त हुन चाहँदैनौं तर पनि हुन पुग्छ किन ? किनभने मनमाथि हाम्रो नियन्त्रण हुँदैन । यसैले हामी मनको इशारामा पनि नाच्न थाल्छौं । नराम्रो कर्म गरेर हामीलाई ठूलो आत्मग्लानि हुन्छ र राम्रो कर्म गर्दा

नराम्रो कर्म भएपछि हामीलाई दुःख, ग्लानि हुन्छ, त्यति बेला हामी यस्तो सोच्छौं–यदि मैले यस्तो नगरेको भए हुन्थ्यो, मेरो मन बहकावमा नआएको भए हुन्थ्यो । मनको कुरा न सुनेको भए आज म जेलमा हुन्थिनँ, घूस खाएको कारण अपमानित हुने थिएनँ, लोभ, मोह, क्रोधमा अन्धो भएर यस्तो घीनलाग्दो काम नगरेको भए ती कर्मको दुष्परिणाम आज भोग्नुपर्ने थिएन ।

त्यतिबेला लाग्छ कि मैले यस्तो गर्नबाट आफूलाई रोक्न सकिनँ । कठै, यदि मनको क्षणिक आवेशमा आएर यस्तो नगरेको भए र शुभ कर्म, पुण्य कर्म, सही दिशामा पुरुषार्थ गरेको भए आज मेरो जीवनमा सुख, शान्ति, समृद्धि हुन्थ्यो । मलाई आत्मग्लानि हुन्थेन, आत्मिक आनन्द प्राप्त हुन्थ्यो, तर यस्तो भएन किनभने मन नियन्त्रण हुन सकेन ।

त्यसबेला मेरो मन, थाहा छैन किन, विकारबाट मुक्त हुन सकेन । मन लोभ, मोह, काम, क्रोधको अशुद्ध भावनाले भरियो र म त्यसैबाट प्रेरित भएर त्यस्तै कर्म गर्दै गएँ । यदि मैले विद्यार्थीकालमा पढाइमा मन लगाएको भए आज आफ्नो अन्य साथीसरह हाँसीखुशी जीवन बिताउने थिएँ ।

यदि मैले व्यापार, उद्योगमा मन लगाएको भए आज म राम्रो उद्योगपति हुन्थें । यदि मैले खेलमा मन लगाएको भए आज राम्रो खेलाडी हुनेथिएँ । यदि मैले गीत, सङ्गीतमा मन लगाएको भए राम्रो गीतकार, सङ्गीतकार हुने थिएँ । यदि मैले साधनामा मन लगाएको जीवनको परम लक्ष्य, मोक्ष, मुक्ति, भगवत्कृपा, भगवद् दर्शन प्राप्त गरिरहेको हुन्थें, तर त्यस्तो हुन सकेन ।

किन ? किनभने मन कहिल्यै हाम्रो अनुकूल रहन सकेन । हाम्रो नियन्त्रणमा रहेन । यसैले मनको बहकावमा आएर हामीले भौतिक–आध्यात्मिक कुनै पनि पुरुषार्थ गर्न सकेनौं । अतः यो स्पष्ट छ कि भौतिक जीवन, वा आध्यात्मिक जीवनमा सफल हुने मन शान्त, एकाग्र, नियन्त्रित हुन आवश्यक छ । किनभने शान्त मन, एकाग्र मनबाट नै हामीले आफ्नो कुनै पनि कार्यमा आफ्नो समस्त शारीरिक, मानसिक ऊर्जा लगाउन सक्छौं र जुन कार्यमा हामी आफ्नो समस्त ऊर्जा, एकाग्रता लगाउन सक्छौं, सही समयमा सही निर्णय गर्न सक्छौं, त्यस कार्यमा सफलता र सिद्धि अवश्य प्राप्त हुन्छ । क्रमशः

# योग्यताको कसीमा विधागत पत्रकार

विचार



विनोद ढुङ्गेल

> **आवश्यक योग्यता, सीप र जाँगरसहित विधागत पत्रकारिता गर्दा पत्रकार सीमित हैन, धारिलो हुन्छ । त्यस्तो पत्रकारको न त अध्ययनको खोजी आवश्यक हुन्छ, न त उसको सीपका बारेमा प्रश्न गर्ने ठाउँ नै मिल्छ ।**

मिडिया क्षेत्र संस्थागत नहुँदा नहुँदै पनि र पत्रकारहरूको पेशागत सुरक्षाको अवस्था दुरुह रहँदा रहँदै पनि नेपालमा केही वर्षयता पत्रकारको योग्यताका मामिलामा मन्द बहस जारी छ । कसैले पत्रकार हुनका लागि परीक्षा दिनुपर्ने तर्क दिइरहेका छन् भने कसैले त्यसको विरोध गरेका छन् ।

परीक्षा पक्षधरहरूको तर्क अनुसार कानून व्यवसायी, चिकित्सक, इन्जिनीयर, शिक्षक मात्र नभएर सवारी चालकसम्मले परीक्षा उत्तीर्ण गरेर मात्र पेशागत अभ्यास गर्न पाउँछन् भने व्यापक प्रभाव राख्ने सीपमूलक पेशाकर्मी पत्रकार किन अपरीक्षित ? ठीकविपरीत जिकिर अनुसार संविधानप्रदत्त विचार तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकजस्ता मौलिक अधिकारको अभ्यासकर्ता पत्रकारितामा प्रवेश गर्नै बन्देज गर्नु नागरिक हकको प्रतिकूल हो । यी दुईथरी मत पेशाको गुणस्तरीयता कायम गर्ने र नियन्त्रण वर्जित गर्ने हदसम्म मात्र सीमित नभएर कतिपय अवस्थामा उच्च शिक्षा प्राप्त र अप्राप्त पत्रकारहरूको मतको रूपमा समेत अभिव्यक्त हुने गरेका छन् । यस मामिलामा सम्पादकहरूको अनुभव भने यथार्थ अलि फरक पाइन्छ ।

उनीहरूका अनुसार कक्षाकोठामा कुशल भनिएका पत्रकारिताका विद्यार्थी समाचार कक्षमा कमजोर पाइएका छन् । तर त्यस्ता विद्यार्थी भने तिनै सम्पादकको शैक्षिक योग्यतामाथि खिसीटिउरी गरिरहेका भेटिन्छन् । यो आम पत्रकारिताको कुरा भयो । केही हप्तायता विशेषज्ञ पत्रकारिता अर्थात् विधागत पत्रकारिताका बारेमा आमसञ्चारका माध्यममा मेरा आलेखहरू प्रकाशित भइरहँदा मैले भने केही फरक प्रतिक्रिया पाएको छु । ती प्रतिक्रिया विश्वविद्यालयको प्रमाणपत्र वा कुनै परीक्षा प्रणालीको पक्ष वा विपक्षमा छैनन् । त्यस अनुसार विधागत पत्रकारिता गर्नका लागि आमरूपमा पत्रकारका लागि चाहिने गुण, विशेषता, सीप, क्षमता आदि त चाहिन्छन् नै; त्यस अतिरिक्त यो विशिष्टीकृत क्षेत्र भएकोले अरू विशिष्ट योग्यता, विशेषता, सीप र क्षमता पनि जरुरी हुन्छ । हो, वास्तवमैं आम पत्रकारको आँखामा वाञ्छनीय ठानिएका गुण विशिष्टीकृत क्षेत्रका लागि त अत्यावश्यक तत्त्व नै हुन् ।

विशिष्ट गुणका कारणले नै विधागत पत्रकारितालाई विशिष्टीकृत पत्रकारिता मानिएको हो । “विधागत पत्रकारितामा विषयगत ज्ञान र सीपका साथै खास तथ्य वा सन्दर्भसँगै सञ्चारशैली र सूचना प्रवाहको खासखास धार हुन्छन्,” भन्नुहुने नेपाली पत्रकारहरूका गुरु प्राध्यापक रामकृष्ण रेग्मीले ‘उहिलेको पत्रकारिता’मा उल्लेख गरे अनुसार प्रत्येक विधामा ‘विशेष मर्म, मौलिक मूल्य र मान्यता’ हुन्छन्, जसको जगेर्ना पत्रकारिताले गर्नैपर्छ । जनसम्पर्क र सूचनाको स्रोतका लागि त विधागत पत्रकारले पनि आम पत्रकारले जस्तै विधि अपनाउँछन् । विषयवस्तुसँग परिचित हुने हुनाले विधागत पत्रकारहरू विषयवस्तुको भित्री तहसम्म पुग्नैपर्छ । त्यसैले उनीहरूले सीधा तथ्यको रिपोर्टिङका अतिरिक्त अन्तर्यमा पुगेर भित्री कथा र टिप्पणी पनि दिन सक्नुपर्छ । व्यापक स्रोतहरूसँगको सुसम्बन्ध नै गतिला समाचारका आधार हुन् । सम्बन्ध कायम नरहे विश्वास कायम रहँदैन ।

विधाविशेषमा अनुभवी पत्रकारले सो विधामा आधिकारिकरूपमा लेख्न सक्छ । यो नै सबैभन्दा ठूलो तागत हो । आआफ्नो बिटका कानून, नीति, कार्यक्रम र तिनको कार्यान्वयनको अवस्थाबारे सबै बिटका पत्रकारलाई ज्ञान हुनु जरुरी छ । दर्जनौं पुस्तकका सम्पादक तथा प्रतिष्ठित अमेरिकी पत्रकार क्रिस्टोफर स्क्यानलानका विचारमा विधागत पत्रकारले आफ्नो विधाका समाचारका स्रोत चिन्नुका साथै भाषा र प्रक्रिया पनि सिक्नुपर्छ । शब्द, शैली, संस्कृति, सङ्केत, संवेदनशीलता, सबलता/दुर्बलतासमेत बुझ्नु त्यस्तो पत्रकारको आवश्यकता हो । त्यसै अनुसारको विशिष्ट/प्राविधिक शब्दावली र तिनको अर्थ, कार्यस्थलको वातावरण आदि पनि जान्नुपर्छ ।

टेक्सस युनिभर्सिटीका पत्रकारिताका प्राध्यापक डेभिड राइफका अनुसार पत्रकारलाई कुनै बिटमा रिपोर्टिङ गराउँदा सञ्चार संस्थाको लगानी हुन्छ र पत्रकारहरू निपूर्णता हासिल गर्न मनैदेखि लागेका हुन्छन् । त्यो भनेको मूलतः सञ्चारगृहको आर्थिक लगानी हो भने पत्रकारको समय, श्रम र भावनाको लगानी हो । आफ्नो बिटमा कुनै घटना हुने बित्तिकै स्रोतहरूबाट तत्काल जानकारी लिनु र समयसीमाभित्र लेखिसक्नुलाई सम्पादक स्क्यानलान ‘पत्रकारको ठूलो तागत’ ठान्छन् ।

स्रोतलाई सधैं खुशी राख्न सम्भव नहुन सक्छ तर सम्बन्ध कायम राख्न भने आवश्यक नै हुन्छ । विधागत पत्रकारिताका अनुसन्धानकर्ताहरूले बिट रिपोर्टर र समाचार स्रोतबीच व्यावसायिक दूरी कायम राख्नमा तीनवटा जोखिम देखेका छन् । मेलानी म्यागिन र पिटर मौररले ‘अक्सफोर्ड रिसर्च इन्साइक्लोपेडिया अफ कम्युनिकेशन’मा उल्लेख गरे अनुसार पहिलो हो, बिट रिपोर्टरहरू स्रोतप्रति धेरै बफादार भएमा स्रोतले प्रयोग गरिदिन सक्छ । दोस्रो, पत्रकारहरू स्रोतप्रति धेरै विरोधी भएपनि पाठक/दर्शक/स्रोतालाई मन पर्दैन र पत्रकारले विश्वास गुमाउन सक्छन् र तेस्रो जोखिम हो, बिट रिपोर्टरले आफूलाई उनीहरूको स्वार्थका पक्षधर जस्तो ठान्न थाले भने तिनीहरू कार्यकर्ता हुन पुग्छन् । यी तीनवटै अवस्थाले पत्रकारितालाई क्षय नै गर्छन् ।

त्यसो भए विधागत पत्रकारितालाई कसरी प्रभावकारी बनाउने त ? पत्रकारिताको २५ वर्षभन्दा लामो समय अनुभव सँगालेका अमेरिकी प्राध्यापक टोनी रजर्स त्यसका लागि चारवटा उपाय पेश गर्छन् । उनका अनुसार पहिलो उपाय हो, आफ्नो बिटको बारेमा चाहिने सबै कुरा सक्दो सिक्न र जान्नका लागि यस क्षेत्रका धेरैभन्दा धेरै मानिससँग कुरा गर्नु र पढ्नुपर्छ । प्राविधिक विधामा काम गर्ने पत्रकारका लागि यो विशेष चुनौतीपूर्ण छ ।

तर पत्रकारले पनि वैज्ञानिकले जति नै जानेको होस् भनेर कसैले अपेक्षा गर्दैन । पत्रकारले आम गैरप्राविधिक मानिसले जति भने जान्नै पर्छ । त्यति भएमा प्राविधिक मान्छेसँग ठीक प्रश्न सोध्न र उसका जवाफलाई सबैले बुझ्ने गरी सम्प्रेषण गर्न सक्ने हुन्छ । दोस्रो उपाय, आफ्नो बिटका खासखास खेलाडी को को हुन् भनेर सकेसम्म बढी जानकारी राख्नुपर्छ । तेस्रो, आफ्नो बिटका मानिसलाई सामान्यरूपमा चिन्ने मात्र हैन, तीमध्ये केहीलाई भरपर्दो समाचार स्रोत बनाउनुपर्छ । समाचार स्रोत गतिलो नभएको पत्रकारसँग वास्तवमा केही पूँजी नै हुँदैन ।

पत्रकारहरूको एउटा कमजोर पक्ष हो, समाचारको स्रोत “ठूलो” हुनुपर्छ भन्ने भ्रम । हो, ठूला समाचार ठूलै ठाउँमा पाक्छन् । त्यसको अर्थ त्यो कुरा “ठूला”हरूबाट मात्र थाहा पाइन्छ भन्ने होइन । सहायक कर्मचारी ठूला समाचारका स्रोत हुन सक्छन् । महत्त्वपूर्ण कागजात र अभिलेख तिनैसँग हुन्छन् । उदाहरणका लागि प्रधानमन्त्रीको किनमेलको विवरण सुरक्षागार्डबाट पाउन सकिन्छ भने राष्ट्रपतिको स्वास्थ्य अवस्थाको जानकारी अस्पतालका नर्सले दिन सक्छन् । नेपाल आएका विदेशी सेलिब्रिटीसँग पहुँच नपाए पनि उनीहरू बसेको होटलका बेयरा पत्रकारको पहुँचमा हुन सक्छन् ।

स्रोतसँग बलियो सञ्जाल विकास गरेका बिट रिपोर्टर समाचार स्रोतको रुचिअनुरूपका सामग्री मात्र लेख्ने चेपुवामा पर्ने खतरा त छँदैछ । त्यस्तो अवस्थामा पत्रकारले के गर्ने त ? आफैंलाई केही प्रश्न सोध्नुभन्दा राम्रो उपाय केही हुन सक्दैन । प्रश्न सामान्य हुन्छन् । जस्तैः यसले मेरा पाठक/स्रोता/दर्शकलाई कस्तो प्रभाव पर्ला ? तिनले के सोच्लान् ? यो उनीहरूलाई चाहिने कुरा हो कि होइन ? यस्तै–यस्तै । जवाफ नकारात्मक आए भने स्पष्ट छ, त्यो समाचार आवश्यक छैन । यसबाहेक पनि प्रभावकारी बिट रिपोर्टिङका विभिन्न उपाय हुन सक्छन्, अलिकति तिनको चर्चा गरौं ।

पहिलो हो, सीधैं पाठक/दर्शक/श्रोतासँग कुरा गर्नु । तिनका छिमेकी, साथीसङ्गी र पाठकका आफन्तका बारेमा पनि स्थानीय समाचार कथाहरूले रिपोर्ट गर्छन् । तर तिनका बारेमा कुरा गर्ने होइन, सीधैं पाठक/दर्शक/श्रोतासँगै कुरा गर्ने उपाय अपनाउनुपर्छ । अर्को हो, पत्रकार पहरेदार हो, पहरेदार नै बन्नुपर्छ । विधागत पत्रकार मार्गदर्शक पनि बन्न सक्छ । परम्परागतरूपमा पत्रकारिताले अधिकारीहरूलाई जवाफदेही बनाउँछ । यसबाहेक असल र सिर्जनशील पत्रकारले समुदायलाई समाधान र प्रगतिको बाटो पनि देखाउन सक्छ ।

रिपोर्टिङमा ध्यान केन्द्रित गर्नु प्रभावकारी बिट रिपोर्टिङको अर्को उपाय हो । छोटा समाचार कथालाई पनि राम्रोसँग विकसित गर्न सकिएमा गहन रिपोर्टिङ हुन पुग्छ । गहन रिपोर्टिङमा व्यक्तित्वका सूक्ष्मता र नगण्य जस्ता लाग्ने विषय पनि सङ्कलन गरिन्छ । वास्तवमा यस्ता विवरण महत्त्वपूर्ण र रोचक हुन्छन् । समाचार कथाको प्रमुख तत्त्वलाई अगाडि प्रस्तुत गरेर त्यसपछि मात्र घटनाको पुनः वर्णन गरियो भने ‘पानी–घडी’ जस्तो संरचना बन्छ, त्यो पाठकका लागि रुचिकर हुन्छ ।

जटिल समस्या आए अनुवाद गर्नैपर्छ । बिट रिपोर्टिङले पाठक/दर्शक/श्रोताका जटिल समस्याको गाँठो फुकाइदिन्छन् भन्ने अपेक्षा गरिन्छ । त्यसका लागि पत्रकारले अनावश्यक पृष्ठभूमि नहाली आवश्यक विवरण मात्र दिनुपर्छ । मानवीय विवरण समाचार कथाको मूल मर्म हो । अधिकांशतः स्थानीय वा बिट रिपोर्टहरूमा चित्रित व्यक्ति स्थानीय बासिन्दा हुन्छन् । स्थानीय सहज सार्वजनिक ठाउँहरूमा भेटिने उनीहरूप्रति निकटता देखाउनैपर्छ । सांस्कृतिक अन्तर्दृष्टि अर्को महत्त्वपूर्ण पक्ष हो । स्थानीय समाचारमार्फत स्थानीय संस्कृतिबारे थाहा पाउने र त्यसलाई विकास गर्ने प्रयास गर्नुपर्छ । यसो गर्दा टाढाका पाठकलाई पनि समाचार कथाले नजीक ल्याइपुऱ्याउँछ ।

यसै पनि पत्रकार भनेका पाठक/श्रोता/दर्शकका आँखा हुन् । उनीहरूलाई हेर्ने बनाउनु र उनीहरूकै ठाउँबाट उनीहरूलाई संसार देखाउन सक्नु हरेक लेखकका लागि चुनौती हो । त्यसका लागि विधागत पत्रकार सदैव तम्तयार रहनुपर्छ । यसअलावा आफ्नो विधाका समाचारलाई आफू संलग्न मिडियाको प्राथमिकतामा माथि पार्नमा विधागत पत्रकारले सदैव ध्यान दिनुपर्छ । समाचार तथा सूचनाका स्रोत हुन सक्ने स्थानीय, प्रादेशिक तथा राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाको सम्पर्क सूची बनाउनु र तीमार्फत गहिरो समाचार ल्याउनु यसका लागि एउटा उपाय हो । सूचनाको चाङबाटै समाचारीय महत्त्व र प्राथमिकता निर्धारण हुने हो ।

विधागत पत्रकारहरूले स्रोतको पहिचान गर्ने, इन्टरनेटमार्फत समाचार तथा सूचना पत्ता लगाउने तर नचाहिएको सूचनामा बरालिनबाट जोगिनेमा बढी नै ध्यान दिनुपर्छ । त्यसैगरी, स्थानीय तथा प्रादेशिक सन्दर्भका सामग्रीलाई राष्ट्रिय महत्त्वका सामग्रीको रूपमा विकास गर्ने तथा अन्तर्राष्ट्रिय घटनालाई राष्ट्रिय मिडियामा सान्दर्भिक बनाउने अक्कलमा विधागत पत्रकारको खास योगदान हुन सक्छ ।

अन्तर्राष्ट्रिय सूचनाका सही स्रोत थाहा पाउने, अन्तर्राष्ट्रिय र राष्ट्रिय सरकारी तथा गैरसरकारी प्रमुख संस्था पहिचान गरेर सूचनालाई समृद्ध बनाउने, शक्तिशाली व्यक्ति तथा संस्थाको प्रभावबाट मुक्त रहेर नागरिक केन्द्रित पत्रकारिता गर्ने जस्ता चुनौती पनि विधागत पत्रकारिताको अभ्यासमा निकै आइलाग्छन् । नीतिगत निगरानीका विषय पत्ता लगाउनु, त्यसनिम्ति आफ्नो विधाका कानूनी तथा नीतिगत विषय/व्यवस्थाबारे चाल पाउनु, महत्त्वपूर्ण प्रतिवेदनहरूबाट समाचारीय महत्त्वका जानकारी भेटाउनु, केलाउनु र आधिकारिता जाँचेर पस्कनु विधागत अभ्यासका रोचक पक्ष हुन् ? कुनै पनि समाचार सामग्रीलाई मूलप्रवाहको अर्थात् आम चासोको सामग्री बनाउन सकिने यिनै आधारमा हो ।

यसरी सैद्धान्तिकदेखि अनेक व्यावहारिक पक्षका बीच सफल विधागत पत्रकार बन्नेहरूका लागि सञ्चारजगत्मा स्थापित हुने अवसर प्रशस्तै देखिन्छन् । विधागत पत्रकारितामार्फत पनि पत्रकारिताको मूल प्रवाहमा स्थापित हुन सक्ने भविष्य मात्र हैन, प्रधानसम्पादक नै बन्न सकिने अवसर देखिइसकेको छ, देखिइरहेको छ । पेशागत नैतिक आचारको प्रतिकूल नहुनेगरी सम्मानित वा पुरस्कृत हुने राष्ट्रिय सम्भावना त छँदैछ, बिट रिपोर्टिङमैं अन्तर्राष्ट्रिय पुरस्कार पनि उपलब्ध छन् । कोलम्बिया विश्वविद्यालयले सन् १९९१ देखि २००६ सम्म दिएको ‘बिट रिपोर्टिङका लागि पुलिट्जर पुरस्कार’ त्यस्तो सबैभन्दा प्रख्यात पुरस्कार हो । सो पुरस्कार सन् २००७ यता बन्द गरिएको भएपनि ‘स्थानीय रिपोर्टिङका लागि पुलिट्जर पुरस्कार’भित्रै बिट रिपोर्टिङ समेटिन सक्ने ढोका खुलै छ ।

आवश्यक योग्यता, सीप र जाँगरसहित विधागत पत्रकारिता गर्दा पत्रकार सीमित हैन, धारिलो हुन्छ । त्यस्तो पत्रकारको न त अध्ययनको खोजी आवश्यक हुन्छ, न त उसको सीपका बारेमा प्रश्न गर्ने ठाउँ नै मिल्छ । बरु ऊ त पत्रकारितामा मात्र नभएर उसको विशिष्टताको क्षेत्रमा समेत प्रतिष्ठित र स्थापित भएर निर्भीक पत्रकारिता गर्न योग्य हुन्छ । यसका लागि पत्रकारको पेशागत सुरक्षा भने आवश्यक हुन्छ । पत्रकारिताको संस्थागत विकासको वातावरण त त्यसको पूर्वशर्त नै हो । त्यसतर्फ अभिमुख हुने उद्देश्यका साथ अग्रसरतापूर्वक सार्थक बहस गर्नु जरुरी छ । अन्यथा पत्रकारको योग्यताको मन्द बहसको बाटोसम्म आइपुगेको नेपाली पत्रकारिता अन्य अपत्रकारीय मन्द विषको प्रभावमा जकडिन पुग्नेछ । त्यसो हुनु श्रम र पूँजीका लगानीकर्ताका लागि मात्र हैन, समग्र समाजकै अग्रगतिका लागि प्रतिकूल हुने पक्का छ । (लेखक ढुङ्गेल पत्रकारिता र आमसञ्चार क्षेत्रमा सक्रिय छन् । रासस)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# अमेरिकी राष्ट्रपति र चिनियाँ विदेशमन्त्रीबीच भेट

वाशिङ्टन डिसी, ११ कात्तिक/एएनआई

अमेरिकी राष्ट्रपति जो बाइडेन र चिनियाँ विदेशमन्त्री वाङ यीबीच शुक्रवार ह्वाइट हाउसमा भेटवार्ता भएको छ। सो भेटले चिनियाँ राष्ट्रपति सी जिनपिङको सम्भावित भ्रमणपूर्व दुई देशबीचको सम्बन्धलाई सुमधुर बनाउन खोजिएको आशय प्रतिविम्बित टिप्पणी भएको छ। विश्वका दुई महाशक्ति राष्ट्रका नेताहरूले विश्वव्यापी चुनौतीहरूलाई सम्बोधन गर्न सहकार्य गर्नुपर्ने विश्वव्यापी आकाङ्क्षाका बीच यो भेटलाई निकै अर्थपूर्णरूपमा हेरिएको छ।



तस्वीरः एएनआई

ह्वाइट हाउसले जनाए अनुसार राष्ट्रपति बाइडेनले संयुक्त राज्य अमेरिका र चीन दुवैले आपसी सम्बन्धमा प्रतिस्पर्धालाई जिम्मेवारीपूर्वक ढङ्गले व्यवस्थापन गर्न र सञ्चारको ढोका खुला राख्न आवश्यक रहेको कुरामा जोड दिएका छन्। उनले संयुक्त राज्य अमेरिका र चीनले विश्वव्यापी चुनौतीहरूलाई सम्बोधन गर्न मिलेर काम गर्नुपर्ने कुरामा जोड दिएका छन्।

चिनियाँ विदेशमन्त्री वाङ यीसँगको भेट दुई देशबीचको उच्चस्तरीय सम्पर्कको शृङ्खलामा सबैभन्दा पछिल्लो खुट्किलो हो। पछिल्लो समय दुई देशबीच बढ्दो तनावपूर्ण सम्बन्धलाई स्थिर बनाउने सम्भावना खोजिरहेको देखिन्छ।

राष्ट्रपति बाइडेन र मन्त्री वाङबीच ह्वाइट हाउसको रूजवेल्ट कक्षमा भएको सो भेटवार्तामा अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिवान पनि उपस्थित थिए। प्रवक्ता जोन किर्बीले बताए अनुसार बाइडेनले बैठकलाई सकारात्मक भन्दै वार्ता जारी राख्ने राम्रो अवसरको रूपमा हेरेका छन्।

यद्यपि बेइजिङले अर्को महीना हुने वार्षिक एशिया–प्रशान्त आर्थिक सहयोग शिखर सम्मेलनका लागि सान फ्रान्सिस्को जाने वा नजानेबारे स्पष्ट पारेको छैन।

यसअघि चीनका राष्ट्रपति सी जिनपिङले विश्व शान्ति र विकासमा अमेरिका–चीन सम्बन्धको प्रभावलाई उद्धृत गर्दै बेइजिङ वाशिङ्टनसँग मिलेर काम गर्न तयार रहेको बताएका थिए। उनले विभिन्नतालाई राम्ररी व्यवस्थापन गर्न, एकअर्काको प्रगतिमा योगदान पुऱ्याउन र साझा समृद्धिको दिशामा अघि बढ्न बेइजिङ तयार रहेको बताएको सिन्ह्वाले जनाएको छ।

चीनका राष्ट्रपति सीले चीन "पारस्परिक सम्मान, शान्तिपूर्ण सहअस्तित्व र जीत–जीत सहयोग"को तीन सिद्धान्तहरूमा आधारित रहेर अमेरिकासँग काम गर्न इच्छुक रहेको बताएका छन्।

"विश्वका दुई ठूला देश चीन र संयुक्त राज्य अमेरिकाले राज्य–राज्य अन्तर्क्रियाको सही मार्ग पत्ता लगाउन सक्छन् कि सक्दैनन् भन्ने कुरा विश्व शान्ति, विकास र मानवजातिको भविष्यमा आधारित छ," राष्ट्रपति सीले उल्लेख गरेका छन्।

उनले भने– पारस्परिक सम्मान, शान्तिपूर्ण सहअस्तित्व र सहयोगका तीन सिद्धान्तहरूमा आधारित पारस्परिक लाभकारी सहयोगलाई अगाडि बढाउन, भिन्नतालाई सही ढङ्गले व्यवस्थापन गर्न र विश्वव्यापी चुनौतीहरूको सामना गर्न संयुक्त प्रयास गर्न चीन अमेरिकी पक्षसँग मिलेर काम गर्न इच्छुक छ।

अमेरिका–चीन सम्बन्धको राष्ट्रिय समितिको वार्षिक गाला डिनरमा दिइएको बधाई सन्देशमा राष्ट्रपति सीले दुई देशबीच विभिन्न क्षेत्रमा सहयोग आदानप्रदानका लागि समितिको लामो समयदेखिको समर्पणको प्रशंसा गरेको पनि सिन्ह्वाले उल्लेख गरेको छ।

दुई देशबीचको तनाव उच्च रहेको अवस्थामा मन्त्री वाङ वाशिङ्टन आएका हुन्। यस भ्रमणका क्रममा उन्नत प्रविधिमा अमेरिकी निर्यात नियन्त्रण र पूर्वी र दक्षिण चीन समुद्रमा चीनको थप दृढतापूर्ण कारबाहीलगायतका विषयमा पनि कुराकानी केन्द्रित भएको बताइएको छ। रासस


# रूसले ब्याजदर बढाएर १५ प्रतिशत पुऱ्यायो

मस्को, ११ कात्तिक/सिन्ह्वा

बढ्दो मुद्रास्फीतिको दबावबीच रूसको केन्द्रीय बैंकले शुक्रवार प्रमुख ब्याजदर दुई प्रतिशतले बढाएर १५ प्रतिशत पुऱ्याएको छ।

हालै मुद्रास्फीतिको दबाब केन्द्रीय बैंकको अपेक्षाभन्दा अत्यधिक बढेको बैंक अफ रसियाले जनाएको छ।

ब्याजदर बढेपछि पनि मुद्रास्फीति बढ्ने अपेक्षा गरिएको छ। बैंकले सन् २०२३ का लागि आफ्नो मुद्रास्फीति प्रक्षेपण अघिल्लो ६–७ प्रतिशतबाट ७–७.५ प्रतिशतमा बढाएको छ।




बैंक अफ रसिया। तस्वीरः सिन्ह्वा

त्यसैगरी, सन् २०२४ का लागि ४–४.५ प्रतिशतमा प्रक्षेपण समायोजन गरेको छ।

बैंकले सन् २०२४ को लक्ष्य चार प्रतिशतबाट मुद्रास्फीति विचलनलाई सीमित गर्न मौद्रिक नीतिलाई थप कडाइ गर्ने पनि जनाएको छ। बैंक अफ रसियाले सेप्टेम्बरमा प्रमुख ब्याजदर १२ बाट १३ प्रतिशतमा पुऱ्याएको थियो। रासस


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


### काठ बरामद ....

टोलीले वीरगंज महानगरपालिका वडा नं ३२ रामवन टोलको बाँसघारीमा लुकाइराखेको नौ क्युफिट सालको गोलिया बरामद गरेको छ।

बरामद गोलिया कसले चोरी तस्करी गरी ल्याएर राखेको खुलिसकेको छैन।

गोलिया सबडिभिजन वन कार्यालय, सबैयामा राखिएको प्रहरी चौकी मिलनचोकका प्रहरी सहायक निरीक्षक मित्रबहादुर राईले जानकारी दिए।


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


# भारतको नयाँ व्यवस्थाले नेपालको जलविद्युत्ले राम्रो बजार पाउने

काठमाडौं, ११ कात्तिक/रासस

भारतले आफ्नो देशभन्दा बाहिरका जलविद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् खरीद गरी खपत गरेमा त्यसलाई पनि नवीकरण ऊर्जा अंश गणना हुने व्यवस्था गरेको छ।

भारतको विद्युत् मन्त्रालयले यही ३ कात्तिकमा राजपत्रमा सूचना प्रकाशित गर्दै सन् २०२४–२०२५ देखि २०२९–२०३० सम्मका लागि नवीकरणीय ऊर्जाको न्यूनतम खपत अंश तोकेको छ। यसमा वायु, जलविद्युत्, वितरित र अन्य नवीकरणीय ऊर्जाको खपत हिस्सालाई तोकिएको छ।

भारतका अनुमतिपत्रप्राप्त वितरण कम्पनी र खरीदकर्ताका लागि अनिवार्य जलविद्युत् खरीद (एचपिओ)को न्यूनतम खपत अंश तोक्दै केन्द्रीय सरकारबाट भारतमा विद्युत् बिक्रीका लागि स्वीकृति प्राप्त छिमेकी देशका जलविद्युत् आयोजनाहरूबाट खरीद गरिएको विद्युत्लाई पनि नवीकरणीय ऊर्जा खपत अंशमा राख्ने पाउने व्यवस्था गरेको हो। यसअघि यस्तो एचपिओको व्यवस्था भारतमा उत्पादित जलविद्युत् आयोजनाहरूबाट खरीद गरिएको विद्युत्मा मात्र व्यवस्था थियो।

भारतले नवीकरणीय ऊर्जा खपत हिस्सा सन् २०२४ देखि २०२५ सम्ममा २९ दशमलव ९१ प्रतिशत र सन् २०२९ देखि २०३० सम्ममा बढाएर ४३ दशमलव ३३ प्रतिशतको लक्ष्य भेट्नुपर्नेछ। यसमध्ये जलविद्युत् खपत हिस्सा सन् २०२४ देखि २०२५ मा शून्य दशमलव ३८ र सन् २०२९ देखि २०३० सम्ममा बढाएर एक दशमलव ३३ प्रतिशतको लक्ष्य भेट्नुपर्नेछ। यसका लागि ३१ मार्च २०२४ पछि सञ्चालनमा आएका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत्लाई मात्र गणना हुने व्यवस्था गरिएको छ। तोकिएको एचपिओको हिस्सा पुऱ्याउनैपर्ने र नपुऱ्याउने वितरण कम्पनी तथा विद्युत् खरीदकर्तालाई जरिवाना हुने व्यवस्था गरिएको छ।



माथिल्लो तामाकोशी जलविद्युत् परियोजना। तस्वीरः फाइल

अन्य नवीकरणीय ऊर्जाका लागि तोकिएको खपत अंश १ अप्रिल २०२४ अघि सञ्चालनमा आएका जलविद्युत् आयोजनाबाट खरीद गरिएको विद्युत्लाई समेत गणना गर्न सकिने व्यवस्था छ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले अनिवार्य जलविद्युत् खरीदको नयाँ व्यवस्था व्यावहारिकरूपमा लागू भए नेपाल, भारत र भुटानलाई फाइदा पुग्ने बताए। "आफ्नो देशभन्दा बाहिरका जलविद्युत् आयोजनाबाट खरीद गरिएको विद्युत्लाई पनि एचपिओमा समावेशको व्यवस्था गर्न हामीले लामो समयदेखि भारतलाई आग्रह गर्दै आएकामा अहिले यसलाई समेटिएको छ। यसले भारतका विद्युत् वितरण कम्पनी तथा खरीदकर्तालाई जलविद्युत् आयोजनाहरूको विद्युत् खरीद गर्न सजिलो हुनेछ," कार्यकारी निर्देशक घिसिङले भने, "यो व्यवस्था व्यावहारिकरूपमा कार्यान्वयन भएमा नेपालको जलविद्युत्ले भारतमा राम्रो बजार पाउनेछ।"

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ। प्राधिकरणले आइएक्सको डे–अहेड बजारमा प्रतिस्पर्धामार्फत र केही अघिबाट मध्यकालीन विद्युत् सम्झौताबमोजिम करीब ११० मेगावाट विद्युत् भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम लि–एनभिभिएनलाई बिक्री गरिरहेको छ। एनभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ।

भारतको केन्द्रीय विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा निर्यातका लागि स्वीकृति दिइएकै ५२२ मेगावाटमध्येबाट पहिलो चरणमा करीब ४४ मेगावाट विद्युत् रियल टाइम मार्केटमा बिक्रीलाई पनि अनुमति दिएको छ। नेपाल विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा ५२२ मेगावाट र एनभिभिएनलाई ११० मेगावाट गरी ६३२ मेगावाट विद्युत् निर्यातका लागि स्वीकृति पाएको छ।

# बक्यौता महसूल उठाउन लाइन काट्दै प्राधिकरण

काठमाडौं, ११ असोज/रासस

विद्युत् उपभोक्ताबाट असुल उपर गर्नुपर्ने विद्युत् महसूल बक्यौता वृद्धि हुँदै गएपछि नेपाल विद्युत् प्राधिकरणले त्यस्ता उपभोक्ताको लाइन काट्ने कार्यलाई तीव्रता दिने भएको छ।

विगतमा डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट विद्युत् लिएका उपभोक्ताबाट असुल उपर गर्नुपर्ने बक्यौता महसूल र सडकबत्तीबापत स्थानीय निकायले तिर्नुपर्ने महसूलबाहेक अन्य उपभोक्ताबाट गत भदौ मसान्तसम्म करीब रु ११ अर्ब १८ करोड ६८ लाख बराबर रहेको छ।

विद्युत् महसूल समयमा भुक्तान नगर्ने उपभोक्ताको हकमा मौजुदा महसूल सङ्कलन विनियमावली, २०७८ बमोजिम मिटर रिडिङ भएको १६औं दिनदेखि थप दस्तुर आकर्षित हुने व्यवस्था छ। मिटर रिडिङ भएको मितिले १६औं दिनदेखि ३०औं दिनसम्म पाँच प्रतिशतका दरले थप शुल्क लाग्नेछ।

यस्तै, ३१औं दिनदेखि ४०औं दिनसम्म १० प्रतिशतका दरले थप दस्तुर लाग्ने प्रावधान छ। मिटर रिडिङ भएको मितिले ४०औं दिनसम्म पनि विद्युत् महसूल नबुझाउने उपभोक्तालाई ४१औं दिनदेखि बिलको २५ प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था रहेको छ।

यसरी २५ प्रतिशतका दरले थप दस्तुर लागेको ६०औं दिनसम्म पनि बक्यौता महसूल नबुझाउने विद्युत् उपभोक्ताको विद्युत् लाइन काट्न सकिने प्रावधान उक्त विनियमावलीमा रहेको छ। लाइन काटेको छ महीनासम्म पनि बक्यौता महसूल नबुझाउने विद्युत् उपभोक्ताहरूलाई कालोसूचीमा राखी असुली प्रक्रिया अगाडि बढाउने प्रावधान पनि प्राधिकरणको विनियमावलीमा रहेको छ।

अब प्राधिकरणले विनियमावलीको यही प्रावधानका आधारमा मिटर रिडिङ भएको मितिले ६०औं दिनसम्म पनि बक्यौता विद्युत् महसूल भुक्तान नगर्ने उपभोक्ताको चरणबद्धरूपमा विद्युत् लाइन काटी बक्यौता महसूल असुल उपर गर्ने नीति तय गरेको प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवालले जानकारी दिए।




तस्वीरः फाइल

विद्युत् महसूल बाँकी रहेका सरकारी कार्यालयहरूको विद्युत् लाइन काट्ने काम हुन्छ हुँदैन भन्ने एक प्रश्नको जवाफमा त्यस्ता सरकारी कार्यालयहरूको पनि अन्य उपभोक्तासरह नै विद्युत् लाइन विच्छेद गरी बक्यौता महसूल असुली अभियान अघि बढाइने प्राधिकरणले जनाएको छ।

विद्युत् महसूल बुझाउने विषयमा सरकारी कार्यालय अझ सजक र जिम्मेवार बन्नुपर्ने प्राधिकरणले बताए। यसअघि डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट विद्युत् सेवा लिएका उपभोक्ताबाट असुलउपर गर्नुपर्ने बक्यौता महसूल करीब रु २१ अर्ब ८७ करोड ८५ लाख र सडकबत्तीबापत स्थानीय निकायहरूले तिर्नुपर्ने बक्यौता महसूल करीब रु छ अर्ब आठ करोड ९४ लाख रहेको छ।

यस्तै, शीतभण्डार तथा दुग्ध चिस्यान केन्द्रलाई नेपाल सरकारको निर्णय अनुसार विद्युत् महसूलमा ५० प्रतिशत अनुदान उपलब्ध गराएको रकम करीब रु ६६ करोड १६ लाख सरकारबाट प्राप्त हुन बाँकी रहेको छ।

डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट विद्युत् सेवा लिएका उपभोक्तासँगको बक्यौता महसूल बुझाउने समयसीमा तोकी प्राधिकरणले सार्वजनिक सूचना प्रकाशित गरेको छ। सो समयसीमाभित्र महसूल नबुझाउने उपभोक्ताहरूको विद्युत् लाइन काट्ने प्राधिकरणको तयारी छ। सडकबत्तीबापतको विद्युत् महसूल नतिर्ने स्थानीय निकायको नामसहित प्राधिकरणले बक्यौता महसूल विवरणसहित ४५ दिनको समय तोकी मिति गत असोज २१ गते सूचना प्रकाशित गरेको छ।

सूचनामा तोकिएको समयमा महसूल नबुझाउने स्थानीय निकायहरूको विद्युत् लाइन काट्ने सम्बन्धमा प्राधिकरणले सम्बन्धित स्थानीय विद्युत् वितरण केन्द्रलाई निर्देशन दिइसकिएको छ।



दशहराको अवसरमा पर्साको कालिकामाई गाउँपालिकाको बिरुचीबर्वामा लागेको मेला । ग्रामीण क्षेत्रको यो ऐतिहासिक मेला हो । रातिको १२ बजेसम्म मेलामा मानिसहरूको भीडभाड हुन्छ । जलेबी, बाँसुरी, बदाम, गागल, तडबडवा, भुजा पकौडी, माछामासु तथा अनेक थरीका शृङ्गारका सामग्री बिक्री हुने यो मेलामा राति नाचगान हुन्छ । नाचगान हेर्न मानिसहरूको बाक्लो उपस्थिति हुने गर्छ । शब्दचित्रः राजेश मिश्र



# खेलकूदको संसार

## मन्त्री रिजालद्वारा सातौं परसवा गोल्डकपको उद्घाटन, पहिलो खेलमा सेढवा विजयी

प्रस, सेढवा, ११ कात्तिक/

जीराभवानी गाउँपालिका वडा नं ३ स्थित परसवाको खेलमैदानमा रङ्गशाला निर्माण गर्ने सङ्घीय सरकारका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले बताए । सातौं परसवा गोल्डकप २०८० को उद्घाटन गर्दै मन्त्री रिजालले आफ्नै कार्यकालमा नै यस खेलमैदानमा रङ्गशाला निर्माण गर्ने बताए । अहिले खेलकूद क्षेत्रमा प्रगति भइरहेका बेला खेलकूद



तस्वीरः प्रतीक

प्रतियोगिताबाट नै राष्ट्रिय खेलाडी उत्पादन हुने मन्त्री रिजालले बताए । मन्त्री रिजालले रेफ्री विशाल कुमारलाई फूटबल हस्तान्तरण गरी खेलको उद्घाटन गरेका थिए । न्यू एभरेस्ट क्लब, परसवाका अध्यक्ष उमाकान्तप्रसाद चौधरीको सभापतित्वमा भएको कार्यक्रममा प्रदेशसभा सदस्य शङ्करप्रसाद चौधरी, संविधानसभा सदस्य जयप्रकाश थारू, नेकपा माओवादीका विजय महतो, जीराभवानी गापाका अध्यक्ष अनोज चौधरी, पटेर्वासुगौली गापाका अध्यक्ष दिनेशकुमार चौधरी, जगरनाथपुर गापाका अध्यक्ष श्रीकान्त यादव, ठोरी गापाका अध्यक्ष लालबहादुर श्रेष्ठ, गापा उपाध्यक्षहरू ममता महतो, रेखा चौधरी, बबिता सिंह क्षेत्रीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

न्यू एभरेस्ट क्लब, परसवाद्वारा आयोजित सातौं परसवा गोल्डकप २०८० अन्तर्गत आज भएको खेलमा सेढवाले जीत हासिल गरेको छ । सेढवाले पटेर्वासुगौली देकुलीलाई शून्यका विरुद्ध एक गोलअन्तरले पराजित गरेको थियो। दुई टीमबीचको अत्यन्तै प्रतिस्पर्धात्मक खेलमा खेल सकिन १० मिनेट समय बाँकी हुँदा सेढवाका जर्सी नं १५ का ग्लोरीले एकमात्र निर्णायक गोल गरेका थिए। सो खेलमा 'म्यान अफ दी म्याच' सेढवाका ग्लोरी घोषित भए ।

भोलिको पहिलो खेल पकडीटोल र सिद्धपुरबीच हुनेछ भने दोस्रो खेल परसवा र निजगढ-११, बाराबीच हुनेछ।


## बालबालिकाको भविष्य उज्ज्वल बनाऔं ।

- बालबालिकाको पहिलो तीन वर्ष महत्त्वपूर्ण हुन्छ,
- त्यस अविधिमा ८० प्रतिशत मष्तिष्क विकास हुने गर्दछ,
- उनीहरूले वरपरको वातावरणबाट सिक्ने गर्दछन्,
- यस अवधिमा बालबालिकालाई राम्रो स्याहार, सम्भार र उत्प्रेरित गरौं,
- उनीहरूसँग नियमित अन्तर्क्रिया गरौं,
- यस अवधिमा उनीहरूसँग गरिने व्यवहार, ज्ञान, सीप र सिकाइबाट बालबालिकाको उज्ज्वल भविष्य निर्माण हुन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## काठ बरामद

नरेश यादव, पर्सागढी, ११ कात्तिक/

प्रहरी चौकी मिलनचोक, सबडिभिजन वन कार्यालय, सबैया र सशस्त्र बेस क्याम्प, सोलखपुरको संयुक्त

(बाँकी तेस्रो पातामा)

## 'हरेक धर्मको सम्मान गर्नु मानवीय धर्म'

नरेश यादव, पर्सागढी, ११ कात्तिक/

वीरगंज महानगरपालिका वडा नं ३१ को आयोजनामा शुभ दशैं, दीपावली, तिहार तथा छठ पर्वको पावन अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम वडाध्यक्ष जीतेन्द्रप्रसाद यादवको अध्यक्षतामा सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि नेकपा एमाले मधेस प्रदेशका उपाध्यक्ष बिचारीप्रसाद यादवले सामाजिक सद्भाव बनाइराख्न अनुरोध गरेका थिए ।

त्यस्तै, डा विश्वम्भर शर्माले चाडपर्वले समाजमा रहेका नकारात्मक प्रभावलाई हटाउन सहयोग गर्ने बताए । उनले हरेक धर्मको सम्मान गर्नु मानवीय धर्म भएको बताउँदै चाडपर्वलाई सामाजिक मेलमिलापको रूपमा मान्नुपर्ने बताए । कार्यक्रममा बसरुद्दीन अन्सारीले कुनै पनि समुदायका चाडपर्वलाई सम्मान गर्नुपर्ने बताए ।

पूर्वनगरप्रमुख विजय सरावगीले चाडपर्वले समाजमा शान्तिपूर्ण वातावरण सिर्जना गर्ने बताए । एक समुदायको चाडपर्व सम्पूर्ण समुदायको चाडपर्व हुने वातावरण सिर्जना गर्नुपर्नेमा उनले जोड दिए । सो अवसरमा उनले जसपामा राम्रो काम गर्ने व्यक्तिको सम्मान नहुने बताए । उनले एउटै व्यक्तिका कारण आफूले सो पार्टी छोडेको र त्यस व्यक्तिले आफ्नो क्षेत्रमा भ्रम सिर्जना गरी जीत हासिल गरिरहेको बताए । उनले भेडाहा खोला नियन्त्रण कार्यमा लाखौं रुपैयाँ भ्रष्टाचार भएकोले सो नदीमा तटबन्धको कार्य आज पनि अलपत्र अवस्थामा रहेको बताए ।



तस्वीरः प्रतीक

जसपाका जिल्ला अध्यक्ष रामनरेशप्रसाद यादवले सबै दलका प्रतिनिधिहरूलाई एकै ठाउँमा भेला गराएकोमा धन्यवाद दिंदै जुनसुकै दलमा रहे पनि एकअर्काबीच मेलमिलाप हुनुपर्ने र हामीहरूले नै समाजमा अगुवाइ गरिरहेकाले हाम्रा राम्रा गतिविधिका कारण समाजमा सकारात्मक सोचको विकास हुने बताए ।

कार्यक्रममा नेकपा एमालेका जिल्ला सचिव सुन्दर कुर्मी, जसपाका जिल्ला सचिव तबरेज अहमद, नेपाली काङ्ग्रेसका क्षेत्रीय सचिव हरिप्रसाद यादव, वडध्यक्ष पराग सिंह, वडा सदस्य वीरेन्द्र राय थारू, शेख अमरूल हसन, मुरमती पसवान, फूलमती देवीलगायतको सहभागिता थियो । कार्यक्रममा सहजीकरण बालेश्वर चौधरीले गरेका थिए ।






## नवविवाहित वरको "चुमाउन" गरियो

महोत्तरी, ११ कात्तिक/रासस

कोजाग्रत पूर्णिमासँगै महोत्तरीसहितका मिथिला क्षेत्रका नवविवाहित जोडीको शनिवार 'चुमाउन' विधि गरिएको छ । पछिल्लो एक वर्ष अवधिभित्र विवाह भएका मैथिल दम्पतीको पहिलो कोजाग्रत पूर्णिमाका दिन दुलही पक्षका आफन्तले दुलाहाका घरमा गएर गरिने वरपूजन परम्पराको 'चुमाउन' विधि आज भएको हो । यो विधि कोजाग्रत रातमा गरिने परम्परा छ ।

सामान्यतया आफ्नी कन्याको विवाहपश्चात् राम्रो प्रतिपाल गरेका ज्वाइँप्रति कृतज्ञता जनाउन दुलही पक्षका आफन्त सगुन लिएर दुलाहाका घर गएर वर (दुलहा) पूजन गर्ने पुरानो मैथिल परम्परालाई 'चुमाउन' भन्ने गरिएको छ । यस अवसरमा दुलही पक्षका आफन्तले दुलहाका लागि वस्त्र, आभूषण र मिष्ठान्न परिकार भेट गर्ने (उपहार दिने) पुरानो परम्परा रहेको पाका मैथिल बताउँछन् ।

कोजाग्रत पूर्णिमा दोषरहित र शुभ दिन मानिंदै आइएकाले पहिलोपटक घरजम शुरू गरेकी छोरीचेलीका परिवारजनप्रति अहोभाव दर्शाउन यो दिन रोजिएको हुन सक्ने मैथिली लोकपरम्पराका जानकारको भनाइ छ।

दुर्गापूजन सकिएलगत्तै दशैं पर्वको कोसेली पुर्‍याउन र पर्वविशेषको भेटघाट गर्न पनि यो परम्परा चलाइएको हुन सक्ने संस्कृतिविद् जलेश्वर-६ का बासिन्दा पूर्वप्रशासक महेश्वर रायको भनाइ छ ।

मिथिला क्षेत्रमा खासगरी मैथिल ब्राह्मण र कायस्थ जातिमा बाक्लो प्रचलनमा रहेको 'चुमाउन' विधि पछिल्ला केही वर्षयता भने अत्यन्त भड्किलो बन्दै गएको यस क्षेत्रका बुद्धिजीवीको टिप्पणी छ। दुलही पक्षका आफन्तले ज्वाइँसहित उनका पिता र आफन्तका लागि वस्त्र, आभूषण दिनुपर्ने माग र सयौं मानिसलाई खानपान गराउनुपर्ने दुलाहा पक्षको प्रस्तावले यो विधि भड्किलो बन्दै गएको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठका मैथिली भाषा साहित्य विषयका उपप्राध्यापक मनोज झा मुक्ति बताउँछन् ।



तस्वीरः फाइल

भेटका लागि वस्त्र, आभूषण, मिष्ठान्न परिकार, दही, मखान (तलाउको पानीमा फल्ने एक फलविशेष) र फलफूलसहितका पचासभन्दा बढी भार (सोली) लिएर दुलही पक्षका आफन्त दुलहा घर पुग्छन्। दुलही पक्षका आफन्तको लामो लावालस्करले विवाहकै झझल्को दिने र असाध्यै खर्चिलो हुने गरेबाट अब यो विधि टार्न गरीबलाई धौधौ पर्ने गरेको मैथिल ब्राह्मण नै बताउँछन् । विगतमा एक बिडा पान, केही मखान, एकजोर धोती र जनै सुपारीले धानिने गरिएको परम्परा थेगन अब भने घरखेत बेच्नुपर्नेसम्मको स्थिति आएको भङ्गाहा-३ का ७० वर्षीय मैथिल ब्राह्मण चन्द्रकान्त झा बताउँछन् ।

पिता, पुर्खाले आपसी सद्भाव वृद्धिका लागि यो विधि परम्पराको सुरुआत गरे पनि पछिल्लो समयमा यो विधि आडम्बर र अहङ्कार प्रदर्शन जस्तै बनेको हुँदा अबको पुस्ताले यसलाई कम खर्चिलो बनाउन सामाजिक दबाब बढाउन आवश्यक देखिएको यस क्षेत्रका बुद्धिजीवी बताउँछन् ।